# मर्स्याङदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## फाइवर सिरक आपुर्ति सम्बन्धी सिलबन्दी कोटेशन आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।०९।१८**

यस मर्स्याङदी गाउँ कार्यपालिकाको कार्यालयकालागि तपशिल बमोजिम फाइवर सिरक थान-३९३ खरीद गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकासित गरिन्छ ।

१. दरभाउपत्र फाराम रु १००० (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट मिति २०७५।१०।०२ सम्म खरीद गर्न सकिने छ ।

२. दरभाउपत्र दाखिला गर्दा फर्मको VAT दर्ता प्रमाणपत्र, आ.व. २०७४।७५ को करचुक्ता प्रमाणपत्र वा नविकरण पत्र, नवीकरण इजाजत पत्र र आयकर दर्ता प्रमाणपत्रको १।१ प्रति प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ ।

३. दरभाउपत्र तोकिए बमोजिमको रकम यस गाउँ कार्यपालिकाको कार्यालयको सिभिल बैंक लिमिटेड भूलभुले शाखामा रहेको धरौटी खाता नं. ०५८१०१२९९७१०८८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको ७५ दिनको मान्य अवधी रहेको बैंक जमानत पेश गर्नुपर्ने छ ।

४. सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : मिति: २०७५।१०।०३ गते दिनको १२ बजेभित्र, मर्स्याङदी गाउँ कार्यपालिकाको कार्यालय, भुलभुले, लमजुङ । यदी सो दिनमा सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिनमा दरभाउपत्र पेश गर्न सकिने छ ।

५.सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान : मिति २०७५।१०।०३ गते दिनको २ बजे, उपरोक्त सिलवन्दी दरभाउपत्र खोल्दाका बखत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्ने छ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । यदी सो दिनमा सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिनको २ बजे दरभाउपत्र खोलिने छ ।

६. रीत नपुगी तथा म्याद नाघी आएको र शर्तसहितको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

७. दरभाउपत्रमा दररेट उल्लेख गर्दा मु.अ.क. बाहेक प्रत्येक आइटम अनुसार अंक र अक्षरमा राख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा रहेको मूल्यलाई मान्यता दिइने छ ।

८. मर्स्याङदी गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत स्पेशिफिकेशन बमोजिम गुणस्तरीय सामान आपुर्ति गर्नुपर्ने छ । गुणस्तर तथा साइजको सम्वन्धमा कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. अन्य सबै कुराहरु प्रचलित नियम कानुन अनुसार तोकिएबमोजिम हुनेछन् । बोलपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१०.शिलवन्दी दरभाउपत्रमा कामको विवरण निम्नानुसार हुनेछ ।

| सि.नं. | ठे.नं. | कामको विवरण | धरौटी/जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ०३।०७५।७६ | फाइवर सिरक (७२ इन्च चौडाई र ९० इन्च लम्वाई भएको,तैयारी तौल २.५ किलो भन्दा कम नभएको) | कवोल अंकको २.५ प्रतिशतले हुन आउने रकम | |

प्रमुख प्रशासकीय अधिकृत

बद्रीनाथ सापकोटा
प्रमुख प्रशासकीय अधिकृत